# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पुनर्वास, कञ्चनपुर
## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४।०१।०५**

यस नगरपालिका कार्यालयवाट तपसिल वमोजिमको निर्माण कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएको हुदा नेपाल सरकारवाट इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुवाट स्थायी लेखा नम्बर,. आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७२/०७३ को करचुक्ता प्रमाण पत्र संलग्न राखी आधिकारिक निर्माण व्यवसायीबाट तपसिलका शर्तहरुको अधीनमा रही १५ (पन्ध्र) दिन भित्र रितपुर्वकको सिलवन्दी दरभाउपत्रको माध्यमवाट दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**सिलवन्दी दरभाउपत्रका शर्तहरु**

१.दरभाउपत्र सम्वन्धि कागजातहरु यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र यस कार्यालयवाट फाराम दस्तुर रु.१०००।०० तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।

२.दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२.०० बजेसम्म छुट्टा छुट्टै ठेक्काको छुट्टा छुट्टै खाममा विवरण प्रष्ट खुलाई सिलवन्दी गरि यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका सबै दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा दाखिला गर्ने अन्तिम दिनको अपरान्ह २.००बजे खोलिने छ। तर दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३.दरभाउपत्र जमानत,.वापत तपसिलमा उल्लेखित रकम पुनर्वास नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, महेन्द्रनगरमा रहेको धरौटी खाता नं. ४१८०३०३००७१०९ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको वाणिज्य बैंकवाट तोकिएको ढाचामा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र ,बैंक जमानत दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४.दरभाउपत्र दाताले उल्लिखित दरभाउपत्र खरिद वापतको रकम यस न.पा.को राष्ट्रिय वाणिज्य बैंक, महेन्द्रनगर शाखामा रहेको न.पा.सञ्चित कोष खाता न.४१८०३०४०१८१०९ मा जम्मा गरेको बैंक भौचर दरभाउपत्र पत्र साथ दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२.०० बजे भित्र दर्ता गरि सक्नुपर्नेछ।

५.रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। साथै दररेट अंक वा अक्षर दुवैमा हुनु पर्नेछ। यदि दररेट मुल्य अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनु पर्नेछ।

६.दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा उक्त कार्यहरु क्रमश: लगतै कार्यालय खुलेको दिन हुनेछ।

७. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर (मु.अ.कर बाहेक) सम्वन्धीत दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ।

८.सम्झौता अवधिभर मुल्यवृद्धि उपलब्ध गराईने छैन। नेपाल सरकारको हितलाई ध्यानमा राखि दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९.दरभाउपत्र पेश गर्दा सिलवन्दी खाम बाहिर कार्यालयको नाम कार्यको विवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना, सम्पर्क नं.र छाप लागेको हुनुपर्नेछ।

१०.दरभाउपत्रमा भाग लिन फर्म अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको, ठेक्का सम्वन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद (पहिलो संसोधन) ऐन २०७३ तथा सार्वजनिक खरिद (चौथो संशोधन) नियमाबली, २०७३ को नियम ४० को उपनियम २(ङ) बमोजिमको घोषणपत्र दरभाउपत्रसाथ दरभाउपत्रदाताले पेश गर्नु पर्नेछ।

११. सुचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद (पहिलो संसोधन) ऐन २०७३ तथा सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली, २०७३ अनुसार हुनेछ। साथै कुनै संशोधन भएमा यस कार्यालयको सुचना पाटीमा सुचना टास गरि जानकारी गराईनेछ।

१२. दरभाउपत्र सम्वन्धमा ,अन्य, थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

| सि.न | ठेक्का नम्बर | गर्नुपर्ने कामको विवरण | लागत अनुमान ( मु.अ.कर र कन्टेन्जेन्सी बाहेक ) रु. | दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| 1 | PUN/MUN/073-074-019 | कालोपत्रे सडक निर्माण कार्य(पु.न.पा. -४, आनन्दबजार(गोबिन्दबजार) | ६,८९,६४८।३५ | १८,०००।०० |
| 2 | PUN/MUN/073-074-020 | कालोपत्रे सडक निर्माण कार्य(पु.न.पा. -९, चिचफाटा धारुबाबा कुटिया हुदै काठे पुल) | ६,०३,२२१।८१ | २०,०००।०० |

कार्यकारी अधिकृत